# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं.-२०८३।०८४
च.नं.

Email: info@sabaialmun.gov.np
sabailamun@gmail.com


## सबैला नगर अस्पतालको लागि सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकाशित मितिः २०८३।०४।०५)

सबैला नगर अस्पतालको लागि तपसिलका पदहरूमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन र थप दस्तुरमा ७ दिन सम्म कार्यालय समयभित्र दरखास्त फाराम भरी बुझाउन सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह/उपसमूह | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | ०१।०८३।८४ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | २ | एम.बि.बि.एस. उपाधि प्राप्त |
| २. | ०२।०८३।८४ | स्टाफ नर्स | ५ | स्वास्थ्य | जनरल नर्सिङ | ६ | नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण |
| ३. | ०३।०८३।८४ | हेल्थ असिस्टेन्ट | ५ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | ६ | सामान्य चिकित्सामा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण |
| ४. | ०४।०८३।८४ | डेन्टल हाईजनिस्ट | ५ | स्वास्थ्य | डेन्टिस्ट्री | १ | डेन्टल विषयमा प्रवीणता प्रमाणपत्र तह उतिर्ण |
| ५. | ०५।०८३।८४ | अप्थाल्मिक सहायक | ५ | स्वास्थ्य | विविध | १ | आँखा सम्बन्धि विषयमा प्रवीणता प्रमाणपत्र तह उतिर्ण। |
| ६. | ०६।०८३।८४ | फार्मेसी सहायक | ५ | स्वास्थ्य | फार्मेसी | १ | फार्मेसी विषयमा प्रवीणता प्रमाणपत्र तह उतिर्ण |
| ७. | ०७।०८३।८४ | अ.हे.व. | ४ | स्वास्थ्य | हे.ई. | ६ | अ.हे.व. तालिम प्रमाणपत्र |
| ८ | ०८।०८३।८४ | नायब सुब्बा | ५ | प्रशासन | सा.प्र. | १ | प्रवीणता प्रमाणपत्र तह उतिर्ण |
| ९. | ०९।०८३।८४ | कार्यालय सहयोगी | बिहिन | प्रशासन | सा.प्र. | ४ | SEE वा SLC उतिर्ण |
| १०. | १०।०८२।८३ | सफाईकर्मी | बिहिन | प्रशासन | सा.प्र. | ४ | सामान्य लेखपढ गर्न जान्ने |

**थप सर्त तथा सुविधाहरू**

- दरखास्त दिने अन्तिम मितिः २०८३।०४।२०
- दोब्बर दस्तुरमा दरखास्त दिने मितिः २०८३।०४।२७
- योग्यताः
  - उम्मेदवार नेपाली नागरिक हुनुपर्ने,
  - उमेरको हदः सहायकस्तर पाँचौ तहका लागि १८ वर्ष पूरा भई दरखास्त दिने अन्तिम मिति सम्ममा ४० वर्ष ननाघेको र अधिकृतस्तर तहका उम्मेदवारहरूको हकमा २१ वर्ष पूरा भई दरखास्त दिने अन्तिम मिति सम्ममा ४० वर्ष ननाघेको, प्रशासन समूहको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको
  - सम्बन्धित व्यावसायिक परिषदमा नाम दर्ता भएका र नवीकरण भएका,

शिव बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं. २०८३।०८४
च.नं.

Email: info@sabaialmun.gov.np
sabailamun@gmail.com

- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको र अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको ।
- परीक्षा हुने मिति, समय र स्थानः पछि प्रकाशन गरिनेछ ।
- तलब स्केलः प्रचलित नियमानुसार ।
- प्रोत्साहन भत्ता तथा अन्य सुविधाः सबैला नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ बमोजिम ।
- दरखास्त आवेदन फाराम पाउने र बुझाउने स्थानः सबैला नगरपालिकाको कार्यालय, सबैला, धनुषा ।
- परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।
- परीक्षाको पाठ्यक्रमः लोकसेवा आयोगले तोके बमोजिम ।
- दरखास्त दस्तुरः आठौं तहका लागि रु. १५००।- (एक हजार पाँच सय रुपैयाँ), पाँचौं तहका लागि रु. १०००।- (एक हजार रुपैयाँ), चौथो तहको लागि रु ७००।- (सात सय) र तह बिहिन को लागि रु ५००।– (पाँच सय)। दोब्बर दस्तुर सोही बमोजिम हुनेछ ।
- दरखास्त बुझाउने विधिः उल्लेखित दरखास्त दस्तुर सबैला नगरपालिकाको नाममा एन. आई. सि. एसिया बैंकमा रहेको खाता नं. ग-१-१ आन्तरिक राजस्व खाता ०३१२०५००३९४५९००१ मा रकम जम्मा गरी सोको भौचर दरखास्त फारामसँग अनिवार्य रूपमा संलग्न गरी सबैला नगरपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ । वैकल्पिक रूपमा उम्मेदवारहरूले दरखास्त फाराम, आवश्यक सम्पूर्ण कागजातहरू र भौचर सहित स्क्यान गरी sabailamun@gmail.com, info@sabailamun.gov.np मा ईमेल मार्फत पेश गर्न सक्नेछ ।
- दरखास्त फाराम सबैला नगरपालिकाको आधिकारिक वेबसाइट www.sabailamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

आवश्यक कागजातहरूः

आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका प्रतिलिपिहरू संलग्न राखु पर्नेछ ।

- नेपाली नागरिकताको प्रतिलिपि - १ प्रति
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि – १/१ प्रति
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि - १/१ प्रति
- काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- अनुभव भए सो को प्रतिलिपि -१ प्रति

विस्तृत जानकारीका लागि सम्पर्कः ९८४४१३३४४७ , ९८४४०२२५९९, ९८०४८७८५७३

द्रष्टव्यः रीतपूर्वक पेश नभएका तथा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत